# CHANDRAGIRI HILLS LIMITED

## आर्थिक वर्ष २०७८ /०७९ को तेश्रो त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

**अनुसूची-१४**

चन्द्रागिरि हिल्स लिमिटेडको २०२२ मार्च ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

### १. वित्तीय विवरण :-

(कम्पनीको हिसाब किताब इ.स.(अंग्रेजी महिना) अनुसार लेखांकन गरिने भएको हुँदा आर्थिक वर्ष २०७८/०७९(२०२१/२०२२) को १ जनवरी २०२२ देखि ३१ मार्च २०२२ सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ।

(क) आर्थिक वर्ष २०७८/०७९ को तेश्रो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :-
आर्थिक बर्ष २०७८/०७९ अर्न्तगत कम्पनीको ३१ मार्च २०२२ मा समाप्त भएको तेश्रो त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरणहरु अनुसूचि १ मा प्रस्तुत गरिएको छ।
तेश्रो त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको।

(ख) आर्थिक वर्ष २०७८/०७९ को तेश्रो त्रैमासिक अवधि, ३१ मार्च २०२२ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणहरुका प्रमुख वित्तीय अनुपातहरु :-

| विवरण | तेस्रो त्रैमासिक अवधि ३१ मार्च २०२२ को अन्त्यमा (लेखापरीक्षण नभएको) | दोश्रो त्रैमासिक अवधि ३१ डिसम्वर २०२१ को अन्त्यमा (लेखापरीक्षण नभएको) | गत बर्षको दोस्रो त्रैमासिक अवधि ३१ मार्च २०२१ को अन्त्यमा (लेखापरीक्षण नभएको ) |
|---|---|---|---|
| ऋण पूँजीको अनुपात | २.२० | २.१८ | २.०१ |
| शेयरधनीको शेयर पूँजी कोषको प्रतिफल | (०.०३) | (०.०२) | (०.१५) |
| प्रति शेयर आम्दानी (रु) | (१.९२) | (१.१४) | (११.८१) |
| प्रति शेयर नेटवर्थ (रु) | ७०.७० | ७१.४८ | ७९.०९ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | २३३.४७ | २३५.४३ | २४९.३४ |
| प्रति शेयर बजार मूल्य (रु १००/-प्रति शेयर) (रु) | १३२५ | १३७९ | २४८५ |
| प्राईस अर्निङ रेसियो (टाईम्स ) | (७१९.५५) | (१२०६.७४) | (२१०.४८) |
| चालु अनुपात | २.५० | २.४८ | २.८६ |

### २. व्यवस्थापकीय विश्लेषण :-

(क) आर्थिक वर्ष २०७८/०७९ को तेश्रो त्रैमासिक समीक्षा अवधीमा कोरोनाको प्रकोप विस्तारै कमी हुदा साथ आर्थिक तथा सामाजिक कियाकलापहरु सहज रुपमा शुरु हुन थाल्यो। यसबाट कम्पनी भ्रमणमा आउने पर्यटकहरुको संख्यामा विस्तारै सुधार हुदै आएको छ।

(ख) कम्पनीको मुख्य आय भनेको कम्पनी परिसरमा भ्रमण गर्न आउने पर्यटकहरुबाट गरिने खर्च नै हो। विश्वव्यापी रुपमा फैलिएको कोरोनाको प्रभावका कारण आम जनमानसमा परेको भय त्रास वाट यस अवधीमा समेत केही समय असहजता भयो। तथापी समीक्षा अवधीको अन्तिम महिनासम्ममा भने वातावरणमा केही सहजता हुन पुग्यो। कम्पनीलाई यस प्रकारको प्रभावबाट आर्थिक गतिविधिमा प्रत्यक्ष रुपमा ठूलो असर पर्ने भएकोले आर्थिक सुचकाङ्कहरुमा उल्लेखनिय सुधार हुन केही समय अझ लाग्ने देखिएको छ।

गं) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय हवाई उडानहरु केही छोटो समयावधीका लागि प्रभावित रहन गए । विदेशी पर्यटकहरुको आवागमनमा समिक्षा अवधी बिचको समयबाट सहजता हुदै अघिल्लो अवधिसम्ममा बन्द रहेका अर्न्तराष्ट्रिय नाकाहरु समेत यस अवधिमा खुल्ला हुँदा स्थलमार्ग हुदै नेपाल भित्रिने भारतीय पर्यटकहरुको चहलपहलमा उल्लेख्य सुधार हुदै आएको छ ।

(घ)कोभिड पछि हालको समयमा कम्पनी परिसरमा विभिन्न क्रियाकलापहरु जस्तै विवाह समारोह, नेपाल सरकारका निकायहरुका विभिन्न दिवा तथा आवासीय कार्यक्रमहरु तथा गोष्ठिहरु, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुका कार्यक्रमहरु, सेमिनारहरु, महोत्सव तथा समारोहहरु संचालन हुँदै आएका छन् । यस प्रकारका कार्यक्रमहरुबाट कम्पनीको आय आर्जनमा पछिल्लो समयबाट सुधार हुँदै गएको छ तथा कम्पनीको पहिचानमा छुट्टै आयाम थप भएको छ ।

(ङ)
कम्पनीबाट भ्रमणमा आउने पर्यटकहरुको मनोरन्जनका लागि साहासिक गतिविधिहरु जस्तै जिपलाईन, वाल क्लाइम्विङ्ग बाट पर्यटकहरुको सकारात्मक प्रतिक्रियालाई मध्य नजर गर्दै यस अवधीमा थप नयाँ गतिविधि अर्न्तगत सुइङ्ग संचालनमा ल्याईएको छ । यसका साथ साथै स्कुल कलेजका विद्यार्थीहरुका लागि शैक्षिक तथा मनोरञ्जनात्मक भ्रमणमा चित्लाङ्ग जानका लागि समेत कम्पनीबाट एकतर्फी केवलकार टिकटको व्यवस्था गरिएको छ । यसबाट कम्पनीको प्रचार प्रसार तथा आय आर्जनमा समेत राम्रो प्रभाव देखिएको छ ।

(च) सहवित्तियकरण कर्जा एवम् चालु पूँजीहरुको साँवा ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :-**

(क) आर्थिक वर्ष २०७८/०७९ को तेश्रो त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०७८/०७९ को तेश्रो त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०७८/०७९ को तेश्रो त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४.संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को मार्च ३१, २०२२ मा सम्म अन्त्य भएको तेश्रो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

| त्रैमासिक आ.व.२०७८/०७९ (२०२१/०२२) | शेयर कारोबार-मुल्य (रु) | | | कुल शेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| तेस्रो त्रयमास (२०७८ चैत्र १७, मार्च ३१, २०२२ सम्म) | १,५१५ | १,३१६ | १,३२५ | ६० | ८,३२६ | ३,५१,७४१ |

**५. समस्या तथा चुनौती :-**

**(क) समस्या तथा चुनौतीहरु :**

**(अ) आन्तरिक**

१.यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**(आ) वाह्य**

१. यस प्रतिवेदन तयार गर्ने अवधिको अन्त्य सम्ममा विश्वमा चलिरहेको दुई शक्तिशाली देश बीचको युद्ध र यसबाट सिर्जित असहज परिस्थितिहरु ।
२. पर्यटन भौतिक पूर्वाधारको विकासको कमी ।
३. अप्रत्याशित रुपमा राष्ट्रिय स्तरमा घोषणा हुने निर्णयहरु र यसबाट पर्या-पर्यटकीय क्षेत्रमा पर्ने प्रभाव ।
४. पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा अर्न्तराष्ट्रिय स्तरमा जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु ।
५. उर्जा, विद्युत, इन्धन तथा तत्सम्बन्धी औद्यौगिक पदार्थमा हुने अप्रत्याशित मूल्य बृद्धि, उपभोग्य पदार्थको मुल्यवृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु ।
६. देशमा अचानक आईपर्ने असहज परिस्थितिहरु, सकरारबाट हतोत्साहित रुपमा गरिने आर्थिक नीतिहरुको परिवर्तन ।
७. विदेशी विनियम दरमा आउने अप्रत्याशित परिवर्तन ।

**(ख) रणनीति :**

कोरोनाभाईरस संक्रमणको कोलाहल पछिको अवस्था सामान्य हुदै जादा कम्पनी प्रति आम जनमानस बाट प्रश्तुत गरिएको सकारात्मक शोच तथा कम्पनीको व्यवस्थापनको कुशल कार्यकुशलता तथा समय सापेक्ष रणनितिका परिणाम स्वरुप भ्रमणमा आउने पर्यटकहरुको क्रमिक बृद्धि एवं रिर्सोटमा बास बस्न तथा कार्यक्रम संचालन गर्न आउनेहरुको उल्लेख्य संख्यामा बृद्धि भएको छ । कम्पनीले व्यवसायिक गतिविधिमा बृद्धि गर्न विभिन्न समस्या तथा चुनौती सामाना गर्नुपरेको अवस्थामा पनि भ्रमणमा आउने तथा रिर्सोटमा बस्न आउने पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरीय सेवा तथा अपनाउनुपर्ने सुरक्षा मापदण्डमा स्तरोन्नति, संरचनाका सेवा तथा सुविधा सम्बन्धी भौतिक पूर्वाधारको स्तर बृद्धि गर्ने तथा व्यवसायिक कार्यकुशलतालाई पूर्ण क्षमतामा प्रयोग गर्दै कम्पनीका सबै संयन्त्रहरुको समुचित सदुपयोग गरि  कम्पनीको संचालन न्युनतम खर्चमा गर्ने, कम्पनी संचालनार्थ सम्बन्धित खर्चको मितव्ययीता सहित अन्य अनावश्यक खर्चहरुलाई समेत कटौती गर्दै कम्पनीलाई अनुकूल वातावरण बनाई आम्दानीमा बृद्धि गर्न बजार व्यावस्थापन गर्ने तर्फ उच्च प्राथमिकता दिइनेछ ।

**६. संस्थागत सुशासन :-**

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापन द्धारा चालिएका कदम संम्बन्धी विवरण :

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षणको लागि लेखापरीक्षक छनौट गरि लेखापरीक्षण गराउने गर्दछ , लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरि कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन समेत दिने गरेको ।

(ख)कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जसले आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम , विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य,र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसुची १

**Chandragiri Hills Limited**
**Kathmandu, Nepal**

**STATEMENT OF UNAUDITED FINANCIAL RESULTS**
**AS ON 31st March 2022**

| | Particular | Upto this Quarter ending on 31st March 2022 (Unaudited) | Upto this Quarter ending on 31st December 2021 (Unaudited) | Corresponding Previous Year Quarter ending on 31st March 2021 (Unudited) |
|---|---|---|---|---|
| I | **ASSET** | | | |
| | **Non-Current Asset** | | | |
| | (a) Fixed Asset | | | |
| | (i) Property, Plant and Equipment | 3,036,309,796 | 3,048,321,246 | 3,112,859,154 |
| | (ii) Intangible Asset | 4,563,950 | 4,377,110 | 5,258,814 |
| | (ii) Capital Work in Progress | 25,830,908 | 19,827,861 | 14,907,738 |
| | (b) Long term Investment | 238,100,000 | 238,100,000 | 208,388,200 |
| | Deferred tax asset | 4,000,054 | 4,000,054 | 30,453,649 |
| | **Total of Non- Current Asset** | **3,308,804,708** | **3,314,626,270** | **3,371,867,555** |
| | **Current Assets** | | | |
| | (a) Inventories | 30,043,336 | 27,715,680 | 23,664,145 |
| | (b) Account Receivables | 32,353,353 | 27,687,116 | 19,212,473 |
| | (c) Cash & Cash Equivalent | 13,876,119 | 41,713,937 | 160,269,304 |
| | (d) Loans & Advances | 121,354,448 | 109,935,863 | 147,884,383 |
| | (e) Other Current Assets | 75,272,155 | 90,071,835 | 102,223,443 |
| | **Total of Current Asset** | **272,899,411** | **297,124,431** | **453,253,748** |
| | **Total Asset** | **3,581,704,119** | **3,611,750,702** | **3,825,121,303** |
| II | **EQUITY & LIABILITIES** | | | |
| 1 | **Equity, Reserve and Surplus** | | | |
| | (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| | (b) Calls In Advance | | | - |
| | (c) Reserve and Surplus | (449,414,286) | (437,544,514) | (320,838,098) |
| | **Total Equity, Reserve and Surplus** | **1,084,676,714** | **1,096,546,486** | **1,213,252,902** |
| 2 | **Non- Current Liabilities** | | | |
| | (a) Long-term borrowings | 2,387,797,949 | 2,395,312,949 | 2,444,073,064 |
| | (b) Deferred Tax Liabilites | | | |
| | **Total of Non-Current Liabilities** | **2,387,797,949** | **2,395,312,949** | **2,444,073,064** |
| 3 | **Current Liabilities** | | | |
| | (a) Short Term Borrowing | - | - | - |
| | (b) Duties & Taxes | 3,743,759 | 3,466,279 | 4,289,964 |
| | (c) Account payable | 24,208,605 | 16,918,034 | 50,471,675 |
| | (d) Other Current Liabilities | 81,277,091 | 99,506,953 | 113,033,697 |
| | **Total of Current Liabilities** | **109,229,455** | **119,891,266** | **167,795,335** |
| | **Total Equity and Liabilities** | **3,581,704,119** | **3,611,750,702** | **3,825,121,303** |

**Chandragiri Hills Limited**
**Thankot, Kathmandu**

**Statement of Profit & Loss for the period ended on 31st December 2021**

| **Particulars** | **Upto this Quarter ending on 31st March 2022 (Unaudited)** | **Upto this Quarter ending on 31st December 2021 (Unaudited)** | **Corresponding Previous Year Quarter ending on 31st March 2021 (Unudited)** |
|---|---|---|---|
| Revenue from Operation | 420,318,496 | 259,230,356 | 174,220,188 |
| Cost of sales | 74,248,347 | 47,169,110 | 27,898,893 |
| **Gross Income** | **346,070,148** | **212,061,246** | **146,321,295** |
| Other Income | 2,023,315 | 1,581,171 | 2,133,340 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 56,868,960 | 34,940,324 | 31,701,984 |
| Administrative and Other Expenses | 64,096,957 | 35,562,045 | 50,675,009 |
| **Total Expenses** | **120,965,917** | **70,502,369** | **82,376,993** |
| **Profit Before Interest, Depreciation and Tax** | **227,127,546** | **143,140,048** | **66,077,641** |
| Finance costs | 153,819,743 | 94,212,473 | 152,965,601 |
| **Profit Before Depreciation and Tax** | **73,307,803** | **48,927,574** | **(86,887,960)** |
| Depreciation and Amortization Expenses | 102,708,333 | 66,458,333 | 94,232,753 |
| **Profit before extra ordinary items and taxes** | **(29,400,531)** | **(17,530,759)** | **(181,120,713)** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax | | | |
| **Profit (Loss) for the period from continuing operations** | **(29,400,531)** | **(17,530,759)** | **(181,120,713)** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **(29,400,531)** | **(17,530,759)** | **(181,120,713)** |
| Earning per equity share: | | | |
| Basic Earning per share | (1.92) | (1.14) | (11.81) |
| Diluted Earning per share | (1.92) | (1.14) | (11.81) |